## लालबन्दी नगरपालिकाको

## पाचौँ नगरसभा (आ.ब.२०७७/०७८ ) मा

## उप प्रमुख श्री शान्ति कुमारी लामाद्वारा प्रस्तुत

# बार्षिक नीति तथा कार्यक्रमहरु

## मिति : २०७७/०३/१० गते

लालबन्दी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

लालबन्दी, सर्लाही

प्रदेश नं. २, नेपाल

# लालबन्दी नगरपालिकाको पाचौं नगरसभा(आ.ब. २०७७/०७८)मा नगर उपप्रमुख श्री शान्ति कुमारी लामाद्वारा प्रस्तुत बार्षिक नीति तथा कार्यक्रमहरू

**नगर सभामा प्रस्तुत मिति : २०७७/०३/१०**

सभाका सभाध्यक्षज्यू,

उपस्थित वडाध्यक्ष, कार्यपालिका सदस्य लगायत यस नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,

यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी साथिहरु,

पत्रकार मित्रहरु,

राष्ट्रसेवक सुरक्षा निकायका सुरक्षाकर्मी साथिहरु,

कोरोना भाईरस (कोभिड १९) का कारण विश्वनै प्रतिकुल अवस्थामा रहेको यस संकटपूर्ण अवस्थामा हाम्रो आमन्त्रणालाई स्वीकार गरी यस नगरपालिकाको बार्षिक नगर विकास योजनामा महत्वपूर्ण राय सुझाव दिन उपस्थित हुनुभएका आदरणिय मित्रहरु एवम सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाईहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति यस गरिमामय नगरसभाबाट हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्दछु ।

कोभिड (१९) नामको कोरोना भाइरसवाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिति र बन्दावन्दी बीच आज म आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गरिरहँदा नगरवासीको जीवन रक्षा, नगरपालिकाको आर्थिक र सामाजिक जीवन सुरक्षाको प्रश्नले अत्यन्त गम्भिर भएको छु। नगरबासी र नगर सरकारको तत्परताबाट हरप्रकारको संकट र चुनौतिलाई सामना गर्न सकिन्छ भन्ने अनुभूति गरेको छु । संघीयताका कारण बिपतको बिषमतामा जनआवाजलाई नजिकबाट सुन्न, देख्न र तत्काल संम्बोधन गर्न सहज भएकोले संघीय लोकतान्त्रिक गणतन्त्रको सान्दर्भिकताको पुष्टि भएको महशुस गरेको छु। ।

यस चुनौतिपूर्ण घडिमा नगरसभालाई संम्बोधन गरी रहँदा समाज परिवर्तनका संवाहक नेपाली जनक्रान्ति अर्थात संघीय लोकतान्त्रिक गणतन्त्रलाई आजको अभुतपूर्व उचाइमा पुर्‍याउन २००७ सालको क्रान्ति, २०३६ सालको आन्दोलन, २०४६ सालको जनआन्दोलन, १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलनका साथै थरुहट र मधेस आन्दोलन लगायत जनस्तरबाट भए गरेका सबै जनसंघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते योद्धा, बेपत्ता नागरिक एवं अग्रज, मार्गदर्शक, सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक र वैचारिक अभियन्ताहरुप्रति यस सभामा उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

ऐतिहासिक सन्धि, नक्सा र प्रमाणका आधारमा मित्रराष्ट्र भारतसँगको सीमा सम्बन्धमा बिगत लामो समय देखि बाँकी रहेको र समय समयमा उठि रहेको बिषय लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रको नेपालको भूमिलाई समाबेश गरी नेपालको नक्सा जारी गरेकोमा नेपाल सरकार प्रति गौरवान्वित हुँदै मिति

२०७७/०२/३१ का दिन संबिधान संशोधन गरी संबिधानमा समेत उल्लेखित भूमि सहितको नेपाली नक्शा बनाउन महत्वपूर्ण भूमिका निभाउनु हुने सबै संघीय सांसदहरु प्रति सगौरव धन्यवाद ज्ञापन गर्दछु ।

यस माहामारीबाट पीडित नागरिकहरुलाई राहत वितरणका साथै रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि नगरपालिकाद्धारा स्थापित नगरपालिका बिपत् ब्यबस्थापन कोष परिचालित गरिएको र सोबाट नपुग्दा नगरपालिकाको संचित कोषको उपयोग गरी पूर्ण सामर्थ्यका साथ कार्यसम्पादन गरिदै आएको ब्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहान्छु । उक्त कोषमा योगदान पुऱ्याउनु हुने सबैमा हार्दिक आभार सहित धन्यबाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि यस्तै सहयोग र सद्भावको अपेक्षा गर्दछु ।

माहामारी रोकथाम र नियन्त्रणका लागि अपनाईएको बन्दाबन्दी, सामाजिक तथा भौतिक दूरी कायम गर्ने लगायतका कार्यको कार्यान्वयनमा आम नगरबासीले देखाउनु भएको अनुशासित र सक्रियतापूर्बक सहयोगका लागि सबै प्रति हार्दिक आभार ब्यक्त गर्दछु । यसको रोकथाम र नियन्त्रणका लागि अग्रमोर्चामा खट्नुहुने जनप्रतिनिधि, स्थास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत ब्यबस्थापन कार्यमा संलग्न सबैमा हार्दिक धन्यबाद दिन चाहान्छु । यस माहामारीमा हामीले जित्नै पर्ने लडाई भएकोले थप ऐक्यबद्धता, सहकार्य, धैर्यता र आत्म बिश्वासको आबश्यकता रहेको छ / ***जीवन रहे, जीवन सुधार्न र सिंगार्न सकिन्छ*** भन्ने मान्यतालाई आत्मसात गर्दै यस माहामारी बिरुद्धको अभियानमा धैर्यतापूर्वक जुट्न सबैमा हार्दिक आब्हान गर्दछु।

**अध्यक्ष महोदय तथा नगरसभा सदस्यज्यूहरु,**

स्थानीय सरकार स्थापित भएको ३ बर्षको अबधिमा ३ वटा नीति तथा कार्यक्रमको माध्यमबाट संबिधान प्रदत्त अधिकार बमोजिमका कार्य जिम्मेवारीहरु ब्यबस्थित र नतिजा उन्मुख रुपमा सम्पादित भई स्थानीय स्तरमा नगरपालिका प्रति सबैवाट रोजिने, खोजिने र भरोसा गर्ने अवस्था सिर्जना भएको छ । अब यो पाचौं नीति तथा कार्यक्रमले नगरपालिका प्रति नगरबासीहरुको अझ धेरै विश्वास र भरोसा जगाउने छ भन्ने कुरामा म विश्वस्त छु । यसका लागि म हामी सबैका तर्फबाट खुशी प्रकट गर्दछु ।

जस्तोसुकै संकटका बीचमा पनि मानव जीवनको रक्षा गर्दै आर्थिक र सामाजिक जीवनलाई सहज बनाउने क्रममा स्थानीय सरकार जुटेको छ । स्थानीय सरकारको हैसियतले तयार गरेका योजना एवं गुरुयोजनाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिमा नगरपालिका केन्द्रित छ ।

नगरपालिकाको अधिकार क्षेत्र भित्रका आबश्यक पर्ने कानुन, कार्यबिधि, नीतिहरु आबश्यकता अनुसार तयार भएका छन् र नगरपालिकाको कर्मचारी तेरिज अनुसारको जनशक्तिको पदपूर्ति लगभग भईसकेको छ । कानूनी आधार, जनशक्तिको प्राप्यता र योजनाबद्ध कार्यक्रम सञ्चालन गर्ने परिपाटीबाट जनअपेक्षा अनुरुप सेवा प्रवाह र बिकास निर्माणका कार्यलाई तिब्रता दिदै नतिजामा नै देखिने गरी रोजगारीको सृजना, भौतिक पक्ष र पूर्वाधारको बिकास भई नगरको समग्र आर्थिक र सामाजिक बिकासमा अपेक्षित उपलब्धि हासिल हुने बिश्वास लिएको छु ।

बिगत बर्षको तुलनामा चालु आर्थिक बर्षको दोस्रो चौमासिक खर्च व्यबस्थापनमा उल्लेख्य सुधार भएको छ । बन्दाबन्दीका कारण तेस्रो चौमासिकमा भने सोचे अनुरुप योजनाका कामहरु अघि बढ्न सकेका थिएनन् तर पनि जनप्रतिनिधिहरुको ध्याउन्न र कर्मचारीहरुको लगनशीलता र जिम्मेवारीपनका कारण लगभग सबै योजनाहरुको काम अन्तिम चरणमा पुगेका छन् । बढ्दो बन्दाबन्दीका कारण जनताको रोजिरोटीलाई अब बिकाससँग जोडिने छ । प्रदेश सरकारको समन्वयमा बिशेष कृषि कार्यक्रम लाई अघि बढाइने छ । यस माहामारीबाट सिर्जना हुने असर र प्रभाव समेतलाई आंकलन र बिश्लेषण गर्दै आगामी बर्षमा माहामारीबाट पुगेको क्षतिको पुनर्भरण हुने गरी समाजिक क्षेत्रको बिकास र आर्थिक पुनरुत्थान नगरको प्राथमिकताका क्षेत्रहरु रहनेछन ।

आर्थिक वर्ष २०७७/२०७८ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा गुरुयोजनाले परिलक्षित गरेको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा प्राथमिकता क्षेत्रहरुका अतिरिक्त राज्यले अन्तराष्ट्रिय मञ्चमा व्यक्त गरेको दीगो विकासका लक्ष्य, देशले अंगिकार गरेको लक्ष्य उन्मुख कार्यक्रमका साथै ***समृद्ध नेपाल र सुखी नेपाली*** कार्यक्रम समेतलाई आधारका रुपमा स्वीकार गरिएको छ । यस बर्ष नेपाल सरकार र प्रदेश सरकार नं २ ले अबलम्वन गरेको नीति ***सुखि नेपाली सम्वृद्ध नेपाल*** भन्ने मूल नारालाई आत्मसात गर्दै बिभिन्न भेलाहरु मार्फत नगरवासीवाट संकलित सुझाब, वडा स्तरीय भेलाहरुबाट संकलित सुझाब तथा कार्यक्रमका रुपमा प्राप्त सुझाबलाई समेत आधार मानि यो नीति तथा कार्यक्रम बनाईएको छ ।

यसै गरी नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त हुने सशर्त अनुदान र समानीकरण तथा राजश्व बाँडफाड शीर्षकबाट प्राप्त हुने अनुदान र यस नगरपालिकाको अनुमानित आन्तरिक राजश्वलाई समेत आधार बनाई यस आ.ब. २०७७/०७८ को नीतिगत कार्यक्रम तयार पारिएको हो ।

**अध्यक्ष महोदय तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

अब म आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ## कोभिड १९ बाट सिर्जित संकट व्यवस्थापन सम्बन्धी :

१. कोभिड १९ का कारण बिश्वभर संकट पैदा हुनुको साथै ठूलो मात्रामा धनजनको क्षति भएको छ । लालबन्दी नगरपालिकालाई पूर्ण कोरोना मुक्त बनाउन गरिएको प्रयासका बावजुद भारतमा रोजगारका लागि गई फर्किएका नागरिक मार्फत संक्रमण हुन सक्ने सम्भावना देखिएको छ । त्यस्ता नागरिकहरुलाई तुरुन्त क्वारेण्टाइनमा राखेर पि.सि.आर. परीक्षणपछि मात्र छाड्ने गरिएकोले हालसम्म यस नगरपालिकामा कोरोनाको विरामी भेटिएको छैन । समुदायमा कोरोना फैलन नदिन यसपछि पनि हरतरहले प्रयास गरिने छ ।

२. हालको बिषम अबस्थामा नागरिकको जीवनरक्षा, भारत लगायत तेस्रोमुलुक र नेपालकै बिभिन्न जिल्लाबाट रोजगारी गुमाएर फर्किएका युवालाई रोजगारी सृजना गर्ने र सो रोजगारीको माध्यमबाट नगरपालिकाका योजना, भौतिक सुधार र भौतिक पूर्वाधारका कार्यक्रमहरु सम्पन्न गर्ने मुख्य नीति अख्तियारी गरिनेछ ।

३. कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नगरपालिकाले बिशेष कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । भारतबाट आउने नागरिकको उच्च संख्याका कारण नगरपालिकाको वडा नं. १ कृषि सामग्री कम्पनी लिमिटेडको भवनमा १५० बेडको क्वारेण्टाइन र २५ बेडको आइसोलेशन वार्ड निर्माण गरी आबश्यक मात्रामा स्वास्थ्य उपकरण र औषधि आपूर्तिको ब्यबस्था मिलाइएको छ ।

४. ***युद्ध, कोरोना विरुद्ध*** अभियान अन्तर्गत साउन महिनासम्ममा कोभिड १९ लाई स्थिर बनाउने, क्रमश: रोकथाम र नियन्त्रणमा सफलता हासिल गर्ने लक्ष्यका साथ क्वारेन्टाईन, परीक्षण र आईसोलेशन तथा उपचारको समुचित प्रबन्ध मिलाईनेछ । सम्भव भएसम्म संक्रमित नागरिकको उपचार नगरभित्रको आइसोलेशन वार्डमा राखेर गरिने छ । यसको लागि विपद् व्यवस्थापन कोषमा यथेष्ट रकम छुट्याइने छ ।

५. कोभिड १९ को माहामारीले स्थानीय सरकारको सान्दर्भिकता सँगै स्थानीय सरकार अझै सवल र सुदृढ हुनु पर्ने शिक्षा दिएको सन्दर्भलाई ध्यानमा राखेर आवश्यक पर्ने ऐन, नीति र कार्यबिधिहरुलाई सहज र अनुकुल बनाई कार्यान्वयन गरिनेछ ।

६. कोभिड १९ को महामारीका कारण नगरको अर्थतन्त्र र बिकास निर्माणमा परेको नकारात्मक असरलाई कम गर्ने तर्फ नगरको आर्थिक नीति लक्षित हुनेछ । यस माहामारीले क्षति पुऱ्याएको अर्थतन्त्रको पुनर्उत्थान गर्नका लागि बिशेष कार्यक्रम ल्याईनेछ । भारत लगायत तेस्रो मुलुक र नेपालकै विभिन्न स्थानबाट आएका र अन्तरिम रुपमा समेत रोजगारी गुमाएका ब्यक्तिहरुलाई पुन:स्थापित गर्न कृषि र निर्माण क्षेत्रमा रोजगार अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

७. कोभिड १९ विपद् जोखिम न्यूनिकरण तथा रोकथामका लागि नेपाल सरकारले जारी गरेको बन्दाबन्दीको कारण नगरवासीहरुले यस आ.ब.मा तिर्न बाँकी कर, राजश्व तथा दस्तुरहरुमा यथोचित छुट तथा करशुल्क नतिर्दा लाग्ने दण्ड जरिबाना मिनाहाका लागि सरोकारवालाहरुसँग छलफल गरि आर्थिक ऐन, २०७७ मार्फत सम्बोधन गरिनेछ ।

८. बजेट बिनियोजन गर्दा कोभिड १९ को नियन्त्रण, कृषि, रोजगारी बृद्धि, गरिबी निवारण, आय आर्जन, आधारभुत खाद्यान्न जस्ता विषयमा नगरपालिकालाई आत्मनिर्भर बनाउने र सार्बजनिक निर्माणमा बिशेष जोड दिदै स्वावलम्बी नगरपालिका बनाउने तर्फ ध्यान दिइनेछ । अनुत्पादक खर्च कटौति गर्न अत्याबश्यक बाहेकका समग्री खरिद नगर्ने र जीवन रक्षा, रोजगारी, सार्बजनिक निर्माणमा सहयोग पुग्ने तथा गुणस्तरमा सुधार पुग्ने बाहेकका गोष्ठी, तालिममा बजेट बिनियोजन गरिने छैन ।

९. कोभिड १९ रोकथाम, पहिचान र नियन्त्रणका लागि यस स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामग्री (मास्क, सेनिटाईजर, पिपिई) हरुको अभाव नहुने गरी बजेट व्यवस्थापन गरिनेछ । संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास जनचेतनामूलक कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

१०. एम्बुलेन्स, सव बाहन जस्ता सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राखिनेछ ।

११. कोभिड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेसनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

.

**(क) सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण(महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम,थारु, अल्पसंख्यक आदि) ।)**

१. ***शिक्षित जनता लालबन्दीको शान, गुणस्तरीय शिक्षा हाम्रो अभियान*** भन्ने नारालाई आत्मसात गर्दै आगामी आ.व.मा विद्यालय उमेर समूहका सबै वालवालिकालाई विद्यालय पहुँचको सुनिश्चितता घोषणा गर्न गर्नु पर्ने विवरण सङ्कलन र विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

२. आधारभूत तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहको शिक्षामा स्थानीय तहको क्षमता अनुसारको लगानी गरिने नीति अवलम्बन गरी यस आ.व.मा १ वटा प्राविधिक विद्यालयमा प्राविधिक धारको कक्षा सञ्चालन गरी प्राविधिक धार सञ्चालन हुने विद्यालयको संख्या ३ पुऱ्याइने छ । हाल ६ वटा सामुदायिक मा.वि.मा सञ्चालनमा रहेको क्यारियर गाइडेन्सको कक्षालाई आगामी बर्ष सबै १० वटा मा.वि.मा विस्तार गरिनेछ । युनिसेफको सहयोगमा सञ्चालित किशोरी शिक्षाका सहभागीहरुलाई उनीहरुको योग्यता बमोजिम उपयुक्त कक्षामा भर्ना गर्ने व्यवस्था मिलाइने छ ।

३. शिक्षक व्यवस्थापन सम्वन्धि कार्यविधिलाई परिमार्जन गरी आबश्यकता अनुसार शिक्षकको सरुवा गर्नुका अतिरिक्त शिक्षक दरबन्दी मिलान गरिनेछ । सबै विद्यालयमा स्थायी शिक्षकबाटै प्रधानाध्यापक बनाउने तर्फ ध्यान दिइनेछ ।

४. शिक्षाको समग्र गुणस्तर अभिबृद्धिका लागि र हाल रहेको लकडाउनको कारणले बन्द भएको विद्यार्थीहरुको पढाइलाई भर्पाइ गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी भर्च्युअल कक्षा सञ्चालन गर्ने तर्फ सम्भाव्यता अध्ययन गरी कक्षा सञ्चालन गरिनेछ । शिक्षक कर्मचारीहरुलाई कार्यसम्पन्नतामा आधारित दण्ड र पुरष्कारको व्यवस्था गरिनेछ ।

५. नगरपालिका भित्रका प्राविधिक शिक्षालयहरुमा अध्ययनरत स्थानीय दलित, गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ । नगरभित्र थप १ आवाशीय विद्यालय निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

६. विद्यालय बाहिर रहेका बालबालिका, सुकुम्वासी, तथा विपन्न परिवारका छोराछोरीहरुको तथ्याङ्क सङ्कलन गर्न कक्षा ८, ९ र १० का विद्यार्थीको सामाजिक विषयको प्रयोगात्मक कार्यलाई उपयोग गरिनेछ र प्राप्त विवरणका आधारमा लक्षित बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउन प्रोत्साहनको नीति लिइनेछ ।

७. आगामी बर्षभित्र लालबन्दी नगरपालिकाको स्थानीय पाठ्यक्रम बनाई कम्तीमा कक्षा १ देखी ५ सम्म लागू गरिनेछ । सो को लागि आबश्यक पर्ने सन्दर्भ सामग्रीको निर्माण गरिनेछ । हाल साना नानीहरुको टी.भी. र मोवाइलको लतबाट आँखामा पर्नसक्ने हानीलाई मध्यनजर गर्दै यस नगरपालिका भरिका सबै विद्यालयका सबै विद्यार्थीको आँखा जाँच गरिनेछ ।

८. नगरपालिकाको सबै विद्यालयमा हुनुपर्ने न्यूनतम पूर्वाधार, न्यूनतम शैक्षिक गुणस्तर मापदण्ड तयार गरी सो हासिल गर्नै पर्ने गरी वाध्यकारी कार्य सम्पादन करार गरी सोही आधारमा पुरस्कृत र दण्डित गर्ने संयन्त्र तयार गरिने छ ।

९. सबै विद्यालयहरुको आबश्यकता पहिचान गरी प्राथमिकताको आधारमा बिद्यालयमा भवन र शौचालय निर्माणलाई प्राथमिकता दिईनुका साथै बिद्यालयहरुको बिद्यमान शौचालयहरुलाई प्रयोग योग्य बनाईनेछ । जनज्योति मा.वि. लालबन्दी र नवजीवन मा.वि. नवलपुरको यथेष्ट भौतिक सुधार गरिनेछ । बाँकी अन्य विद्यालयमा पनि क्रमशः सुधार गर्दै लगिनेछ ।

१०. नगरमा कृषि क्याम्पस संचालनार्थ आवश्यक पूर्वाधार निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ। शैक्षिक सुधारका लागि सामुदायिक विद्यालय प्रति सबैको अपनत्व कायम गराउन र शैक्षिक गुणस्तर बृद्धि गर्न कम्तिमा सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको सन्तानहरुलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन अभिप्रेरित गरिनेछ।

११. किशोरीहरुको विद्यालय छाड्ने दरलाई घटाउन र निश्चिन्त रुपमा विद्यालय पठनपाठनमा केन्द्रित गर्न उमेर समूहका सवैका लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था गरिनेछ।

१२. बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक ब्यबहार परिबर्तन प्रबर्द्धन अभियान सञ्चालन गरिनेछ। हाल चालु रहेको २ वटा बर्थिङ्ग सेन्टरलाई विस्तार गरी आधारभुत स्वास्थ्य चौकी सतास र पत्थरकोटबाट पनि यो सेवा सञ्चालन गरिनेछ।

१३. नगरपालिकाबाट भरपर्दो र किफायती शुल्कमा एम्बुलेन्स सेवा सञ्चालन गरी उक्त सेवामा जेष्ठ नागरिक, विपन्न, असहाय र अपाङ्गहरुलाई छुटको व्यवस्था गरिनेछ।

१४. प्राथमिक स्वास्थ्य केन्द्र लालबन्दीलाई १५ सैयाको नगर अस्पतालमा रुपान्तरण गरी विशेषज्ञ चिकित्सकको सेवा शुरु गरिनेछ। आगामी बर्ष भित्र थप ७ वटा भवन सहितको आधारभुत स्वास्थ्य चौकी स्थापना गरी सेवा सञ्चालन गरिनेछ।

१५. निर्माणाधीन मनमोहन सामुदायिक अस्पतालको भौतिक निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाईने छ। सो सम्बन्धी छुट्टै नीति बनाई व्यवस्थित गर्न विभिन्न समितिहरु गठन गरिनेछ।

१६. मधुमेह र व्लड प्रेसरको जाँचलाई सहज वनाई ७० वर्ष भन्दा वढी उमेरका ज्येष्ठ नागरिकलाई घरदैलो स्वास्थ्य सेवा उपलव्ध गराईने छ। जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण लाई प्रभावकारी बनाई घरदैलो सेवा प्रवाह गरिनेछ। सिकलसेल, एनिमिया र पाठेघरको समस्या रहेका महिलाहरुको चेक जाँचलाई शुलभ गरिनेछ।

१७. ***सुरक्षित आमा, स्वस्थ बालबालिका*** भन्ने कार्यक्रम तय गरी गर्भवती तथा सुत्केरी महिलालाई पोषण युक्त खाना उपलब्ध गराइनेछ भने महिला स्वयम सेविकाहरुलाई उनीहरुको क्षमता विकास, समाजमा पुऱ्याएको अमूल्य योगदानका निम्ति प्रोत्साहन गर्न बडा स्तरबाट सहयोगको व्यवस्था गरिनेछ।

१८. निःशुल्क रुपमा उपलब्ध हुने औषधीहरुको सहज उपलब्धताको सुनिश्चित गरिनुका साथै उपभोक्ताको हक हित र स्वास्थ्यलाई संरक्षण गर्न नियमित रुपमा बजार अनुगमन गर्ने कार्य कडाइका साथ गरिनेछ। स्वास्थ्य संस्थाहरुमा थप विशेषज्ञ सेवा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ।

१९. गाउँघर क्लिनिक सञ्चालन गरी घरघरमै स्वास्थ्य सेवा पुऱ्याइने छ र नवजात शिशुका लागि न्यानो झोलाको व्यवस्था गरिने छ।

२०. बर्षायाममा नगरपालिकाका सबै गाउँवस्तीमा हुने विषालु सर्पको टोकाईवाट हुने मानवीय क्षति रोक्न सर्पदंश केन्द्र नवलपुरलाई आवश्यक बजेटको व्यवस्था गरिने छ।

२१. आर्थिक स्थिति कमजोर रहेका पुनः उपचारमा रहेका पी.बि.सि. बिरामीहरुलाई उपचार अबधिभर पोषण खर्च उपलब्ध गराईनुका साथै क्षयरोग र हात्तिपाईलेबाट नगरलाई मुक्त गर्न आबश्यक पहल गरिनेछ। आगामी बर्ष आधारभुत स्वास्थ्य चौकी परवानीपुरमा स्वास्थ्य प्रयोगशाला स्थापना गरी सेवा सञ्चालन गरिनेछ र यो सेवालाई क्रमशः सबै स्वास्थ्य चौकीहरुमा विस्तार गरिनेछ।

२२. ***पिउँ स्वच्छ पानी, रहौं. स्वस्थ हामी*** भन्ने नारालाई आत्मसात गर्दै सबै वडा तहमा स्वच्छ खानेपानी पुऱ्याउने गरी कार्यक्रम ल्याईने छ ।

२३. नगर क्षेत्रका मुख्य शहरहरुलाई डुवानबाट बचाउन ढल निकासको व्यवस्था गरिनेछ ।

२४. फोहोर मैला व्यवस्थापनमा निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न समुदायसँग साझेदारी अवधारणा अनुरुप फोहोर व्यवस्थापन गर्दै जाने नीति अंगिकार गरिनेछ ।

२५. नगरक्षेत्रबाट निस्किने फोहोरलाई व्यवस्थापन गर्न प्रयोग भएको डम्पिङ साईटलाई व्यवस्थित गरी ***फोहोरवाट मोहर*** नारालाई सार्थक बनाउन कम्पोष्ट मलको रुपमा प्रयोग गर्ने नीति लिइनेछ । यसका लागि स्थानीय समुदाय, उद्योग वाणिज्य संघ, सहकारी, युवा तथा विद्यालयसँगको साझेदारी गरिने छ ।

२६. प्लाष्टिकजन्य पदार्थहरुको उपयोगलाई निरुत्साहित गरिनेछ । वातावरणीय प्रदुषण कम हुने वस्तुहरुको प्रयोग गर्न प्रेरित गर्दै त्यस्ता वस्तुहरुको पुनःप्रयोगका लागि उद्योग व्यापार संघसँगको सहकार्यमा हाल डम्पिङ साईट रहेको स्थानमा फोहोरमैला प्रशोधन केन्द्र निर्माणको कार्य अगाडी बढाईने छ ।

२७. धर्म, कला र संस्कृतिको संरक्षणका लागि विशेष जोड दिई नगरपालिका भित्र पर्ने सम्पूर्ण धार्मिक आस्थाका केन्द्रहरुको व्यवस्थापन र सम्बर्द्धन गर्दे लगिने छ ।

२८. थारु संस्कृति संग्रहालय र तामाङ्ग संस्कृति संग्रहालय स्थापना गर्नेतर्फ संभाव्यता अध्ययन गरिनेछ ।

२९. डुमडुमे मन्दिर परिसर क्षेत्रलाई वेद, वेदाङ्ग र ज्योतिष शिक्षा प्रदान गर्ने केन्द्रका रुपमा विकास गर्ने तर्फ पहल गर्नुका साथै सो परिसरमा गुरुकुल पाठशाला स्थापना गर्ने तर्फ मन्दिरसँग प्रत्यक्ष जोडिएका पदाधिकारीहरुसँग परामर्श गरी आवश्यक कदम चालिनेछ ।

३०. ***सीपयुक्त महिला : आत्मनिर्भर महिला*** कार्यक्रम सहित लक्षित वर्गलाई केन्द्रित गरी क्षमता अभिवृद्धि, पैरवि एबं जनचेतना अभिबृद्धिका बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३१. महिला, दलित, आदिवासी, जनजाति, अपाङ्ग, द्वन्द्व पीडित, एकल महिला, बालबालिका र आर्थिक विपन्न तथा सामाजिक वञ्चितीकरणमा परेका विभिन्न वर्गका नागरिकको उत्थानका लागि लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

३२. विगतमा अवसरको समान उपभोग गर्नबाट बन्चित दलित लगायत अन्य पिछडिएका समुदायले अपनाई आएको परम्परागत सीप र पेशालाई आधुनिकीकरण गरी उनीहरुको रोजगारी सृजना हुने आयआर्जन तथा जीवनयापनमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

३३. ***ज्येष्ठ नागरिक हाम्रा निधी : सम्मान र माया गरौं उनीप्रति*** भन्ने भनाईलाई मनन् गर्दे ज्येष्ठ नागरिलाई लक्षित गरी हरेक बडावाट जेष्ठ नागरिक केन्द्रित सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

३४. जन आन्दोलन, जनयुद्धका क्रममा सहीद तथा बेपत्ता पारिएका परिवारलाई यथोचित सम्मान गरिनेछ ।

३५. सार्वजनिक जग्गा संरक्षणको नीति बनाई संरक्षणको प्रकृया अगाडी बढाईने छ ।

३६. सरसफाई तथा स्वस्थतामा ध्यान दिँदै बजार क्षेत्रलाई लक्षित गरि कम्तिमा एउटा घुम्ति शौचालयको निर्माण र संचालन गरिनेछ ।

३७. युवा क्लवहरुलाई खेलकुद विकासका लागि तालिम तथा सामाग्रीको व्यवस्था गरिनुको साथै नगरपालिकास्तरीय **राष्ट्रपति रनिङ्ग शिल्ड** प्रतियोगिता सञ्चालन गरिनेछ ।

३८. नगर स्तरीय खेलकुद बिकासको संरचना तयार गरी खेलकुदको विकास र प्रबर्द्धन गरिने छ ।

३९. नगरपालिका भित्र लामो समयदेखि ऐलानी पर्ति जग्गामा बसोबास गरिरहेका घरपरिवारहरुको यथार्थ तथ्याङ्क संकलन गरी व्यवस्थित गर्न आबश्यक पर्ने कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

४०. ***सरसफाई हाम्रो पहिचान हाम्रो संस्कृती*** भन्ने नाराका साथ सफा नगरपालिका अभियान संचालन गरिनेछ। मानिसको चहलपहल हुने स्थान र बजारीकरण भई रहेका स्थानमा निजी क्षेत्रसँगको सहकार्यमा शुलभ शौचालय निर्माण र संचालनको नीति लिईने छ । सवारी साधनबाट सडकमा कुनै किसिमको फोहोर फाल्न निषेध गरी सोको पालनामा कडाईको नीति लिईने छ ।

४१. बालमैत्री, छुवाछुतमुक्त, पूर्णसाक्षर, पूर्णखोप, पूर्णसरसफाईयुक्त, बालश्रम मुक्त र बालबिबाह रहित नगरपालिका बनाउन आबश्यक कार्ययोजना वनाई कार्यान्वयन गर्दै लगिने छ । कठिन परिस्थितिका बालबालिका तथा महिलाहरुको संरक्षणका लागि आपतकालीन उद्वारका कार्यक्रम र स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । संरक्षित क्षेत्र (समुदाय) तथा संरक्षण कार्यदललाई सुविधा सम्पन्न बनाईनेछ । सामुदायिक तथा नागरिक संस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरिनेछ । मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । सवै शैक्षिक संस्थाहरुलाई धुम्रपान, मध्यपान र जङ्कफुट निषेध क्षेत्र घोषणा गर्ने नीति अबलम्बन गरिने छ ।

४२. सडक, बाटो र गल्लीहरुमा घुम्ने आश्रयहीन मदहोसी, अपाङ्ग, बेहोसी, पागल, बृद्ध आदिको सुरक्षा र उपचार गरी आफन्तको खोजी गर्ने र आफन्त नभेटिएकाहरुको व्यवस्थापनको लागि के गर्न सकिन्छ, सो बारेमा नागरिक समाज, दलका प्रतिनिधि र सामाजिक अभियन्ताहरुसँग परामर्श गरी एउटा ठोस कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।

४३. लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुका लागि सहयोग र राहत उपलब्ध गराउन नगरपालिकास्तरीय श्रोत साधन सम्पन्न एक ***स्थानीय तत्काल उद्धार तथा राहत समिति*** गठन गरी कार्यारम्भ गरिनेछ ।

४४. स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । "कामका लागि पारिश्रमिकमा आधारित समुदायिक आयोजना" सञ्चालन गरी नगरका सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराईनेछ ।

### (ख) आर्थिक विकास (कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्र ) :

**१.** कृषिको बैज्ञानिकीकरण तथा ब्यावसायीकरण गर्दै निर्वाहमूलक कृषिलाई उत्पादनमुखी बनाउन नगरपालिका भित्रका मुख्य क्षेत्रहरुलाई विशेष सम्भावना रहेका क्षेत्रको रुपमा पहिचान गरी राजमार्ग उत्तरको क्षेत्रलाई मकैबाली, केराखेती, आँप खेती, कागती खेती, बाख्रा पालन र बाह्रै महिना तरकारी खेती हुने क्षेत्रको रुपमा विकास गरिनेछ । राजमार्ग दक्षिणको क्षेत्रलाई धान खेती, गहुँ खेती, दलहन खेती र माछा पोखरी निर्माणको लागि जोड दिइनेछ । यस बाहेक कृषि वन, नर्सरी, पशुपालन, मौरीपालन, बेमौसमी तरकारी खेती आदिलाई समेत प्राथमिकतामा राखिनेछ । यस्तै किसानहरुमा कृषि शिक्षा प्रवर्द्धन गरी बंगुर, कुखुरा र हाँस पालन समेतलाई प्राथमिकता प्राप्त क्षेत्र भित्र राखिनेछ ।

२. ***एक गाउँ एक उत्पादन*** गर्ने गरी ***आफ्नो माटो सम्बृद्धिको बाटो*** अभियान सहित भारत, लगायत तेस्रो मुलुक र नेपालकै विभिन्न स्थानबाट अन्तरिम रुपमा रोजगारी गुमाएका ब्यक्तिहरुलाइ समेत कृषिमा आकर्षित गरी ***युवाको पसिना नगरलाई, नगरको साथ युवालाई*** अभियान अन्तर्गत करिव ५०० जना बेरोजगार युवालाई स्वरोजगार गराई आधारभुत कृषि उपजहरुमा आत्मनिर्भर हुने गरी नीति र कार्यक्रम तय गरिनेछ ।

३. कृषकहरुद्धारा उत्पादित तरकारीजन्य वस्तुहरुको खरीद तथा विक्रिवितरण सहकारी तथा समूह मार्फत व्यवस्थित गर्दै उचित बजार व्यवस्थापन गरिनेछ । कृषकहरुलाई दक्ष बनाउन कृषि तालिम, भकारो सुधार तथा प्लाष्टिक टनेलको ब्यवस्था, नगर स्तरीय कृषि मेला र नियमित माटो परीक्षण कार्यक्रमको व्यवस्था गरिने छ । कृषक पाठशाला कार्यक्रम १७ वटै वडामा बिस्तार गरी गरेर सिक्ने एवं ब्यबहारिक सिकाईलाई उत्पादनसँग जोड्ने प्रबन्ध गरिनेछ ।

४. प्रदेश सरकारको नीति अनुरुप ***एक गाउँ एक उत्पादन कार्यक्रम र एक पालिका एक शीतभण्डार योजना*** लाई स्थानीय जनता र कृषि सहकारी समेतको सहभागितामा सहकारी शीत भण्डार स्थापना र सञ्चालनका लागि सहकार्य गरिनेछ ।

५. कृषिलाई व्यबसायीकरण गर्न यान्त्रिकीकरणमा उपलव्ध गराईएको अनुदानलाई थप विस्तार गरी निरन्तरता दिईने छ । कृषकले पाउने अनुदानलाई उत्पादनसँग जोडिनेछ ।

६. संघ र प्रदेश सँगको सहकार्यमा गरिबी निबारण सम्बन्धी कार्यक्रम बनाइनेछ । गरिबी निबारण कोषद्वारा प्रबर्द्धित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा विकास गरी रोजगार प्रबर्द्धन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनालाई श्रमसँग जोडी बेरोजगार र विपन्न परिवारलाई रोजगारी दिइनेछ ।

७. विशेष सम्भावना भएका कृषि बाली र तुरुन्तै आम्दानी लिन सकिने लसुन, प्याज, मुसुरो जस्ता नगदेबालीमा उत्पादनदेखि बजारीकरणसम्मका मिसन कार्यक्रम संचालन गरिनेछ । साथै, कृषि तथा पशुपंक्षीको व्यावसायीकरणका लागि निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा स्रोतकेन्द्र र कृषि फर्म स्थापना कार्यक्रम संचालन गरिनेछ ।

८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका जिम्मेवार निकाय तथा व्यक्तिसँग समन्वय गरी लक्षित वर्गमा कार्यक्रम लागू गर्न आवश्यक पहल गरिनेछ ।

९. हिउँदे मकै र चैतेधान प्रवर्धन कार्यक्रमलाई विशेष बजेटको व्यवस्था गरिनेछ । बिउ धान उत्पादन गरी नगरपालिकालाई बिउ धानमा आत्मनिर्भर बनाईनेछ ।

१०. आगामी २ बर्ष भित्रमा यो नगरपालिकालाई आलु उत्पादनमा आत्मनिर्भर बनाईने छ । टमाटर उत्पादनमा यो नगरपालिका देशैभरि प्रशिद्ध छ । यसलाई पकेटक्षेत्रको रुपमा नगरपालिको पहिचान हुने गरी उत्पादन क्षेत्र बिस्तार, ग्रेडिङ्ग, प्याकेटिङ्ग र बजारीकरण गरिनेछ । यस नगरमा उत्पादित टमाटरलाई व्यवस्थित गर्न सस उद्योग स्थापना गरी संचालनमा ल्याईनेछ । धान, गहुँ, मकै लगायतका रैथाने बालीहरुको विउविजन संरक्षण गर्ने अभियान संचालन गरिनेछ ।

११. स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने बाली बस्तुको साना ब्यबसायिक पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. ***पशुपन्छिको नश्ल सुधार, उत्पादकत्व बृद्धिको आधार*** भन्ने नाराका साथ लालबन्दी नगरपालिकाका सबै वडाहरुमा पालिएका बाख्रा, भैंसी र गाईमा कृतिम गर्भाधान गरी दुध र मासु उत्पादनमा वृद्धि गरिने छ । पशु सुत्केरी पोषण भत्ता कायमै राखिनेछ ।

१३. आवश्यकता र सम्भाव्यता पहिचान गरी आ.ब. २०७७।०७८ मै गाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिने छ । आवश्यकता अनुसार अन्य पशुपंछी पकेट क्षेत्र विकास कार्यक्रमहरु संचालन गर्दै लगिनेछ । पशु स्वास्थ्य उपचारलाई प्रभावकारी ढंगले व्यवस्थित गर्दै लगिनेछ ।

१४. युवाहरुलाई पशुपन्छी पालनमा आकर्षण गर्नका लागि ***नगरपालिका स्तरीय/ नगर प्रमुख सर्बोकृष्ट र उत्कृष्ट कृषक*** छनौट गरी पुरस्कार सहित सम्मान गरिने छ ।

१५. नगरपालिका भित्रका पशुमा रहेको बाँझोपनको निवारण गरी पशुपालनलाई उत्पादक बनाउन नगरपालिका भित्र आबश्यकता अनुसार विज्ञको टोली सहित वाँझोपन निवारण सिबिर सञ्चालन गरिने छ ।

१६. बंगुरको साना ब्यबसायिक पकेट क्षेत्र र लागत साझेदारीबाट बंगुर प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. यस नगरपालिकाका सवैबडामा कृषि प्राबिधिक र पशु प्राविधिकको ब्यवस्था गरी घरदैलोमा नै प्राबिधिक सेवा दिनका लागि आबश्यक पर्ने आबश्यक न्युनतम आधारभुत सामग्री सहितको ***कृषकसँग प्राबिधिक*** कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. आगामी बर्ष यस नगरपालिकाका कम्तीमा १ स्थानमा विशेष क्षेत्र र संस्कृती पहिचान गरी होमस्टे सञ्चालन गर्नेगरी अनुदानको व्यवस्था गरिनेछ ।

१९. प्रतिस्पर्धामा छनौट भएका ब्यवसाय बिकास सेवा प्रदायक संस्था मार्फत लघु उद्यम बिकास मोडलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ ।

२०. नगरपालिकाको आफ्नो मौलिक उत्पादनलाई प्रवर्द्धन गर्न नगरको आफ्नै ब्राण्डको व्यवस्था शुरूवात गर्ने नीति लिईने छ । गुणस्तरीय कृषि तथा गैह्रकृषि उत्पादनको उपलब्धता, बजारीकरण एवम् निर्यात समेतका लागि प्रोत्साहन गरिने छ ।

२१. नगर क्षेत्रमा सञ्चालनमा रहेका सहकारीको विस्तृत प्रोफाइल तयार गरी उद्देश्य अनुरुप सञ्चालन भए नभएको यकिन गरी प्रभावकारी व्यवस्थापनको थालनी गरिनेछ ।

२२. सहकारी मार्फत महिला तथा युवाहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. सहकारीहरुको क्षमता विकास गर्न विभिन्न कार्यहरु गरिनेछ र उत्पादनमुखी सहकारीहरुलाई पूँजीगत अनुदानको व्यवस्था गरिनेछ ।

२४. युवा उद्यमी समूह गठन गरी सहकारी मार्फत सहुलियत व्याजदरमा ऋण उपलब्ध गराई ***एक घर, एक रोजगार*** को कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सहकारी घुम्ति कोषलाई निरन्तरता दिईने छ ।

२५. बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गरिने सेवाहरुको अनुगमन र प्रतिवेदन लिने व्यवस्था मिलाइनेछ ।

**(ग) पूर्वाधार विकास (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार ) :**

**१.** झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको पहलमा यस नगरपालिकामा स्थापना भएको एण्टीभेनम प्रोडक्सन एण्ड रिसर्च सेन्टरको लागि जग्गा खरिद प्रकृयामा छ । आगामी बर्ष यसको डिपिआर तयार गरी भौतिक निर्माण कार्य गरिनेछ । नगरका अन्य मुख्यमुख्य योजनाहरुको डिपिआर तयार गरी भौतिक निर्माणको कार्य सञ्चालन गरिनेछ ।

२. ***हरित नगर, उज्यालो गाउँघर*** कार्यक्रम अन्तर्गत लालबन्दीको मुख्य बजार तथा पर्यटकीय क्षेत्रमा सडक सौर्यबत्ती जडान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३. यस नगरपालिकाका गौरबका योजना कालिञ्जोर र लखन्देही खोलामा बहुबर्षिय पक्की पुल निर्माणको कार्य शुभारम्भ गरिनेछ ।

४. नगरपालिका क्षेत्रका अधिकतम् वस्तीहरुलाई जोडने हरित चक्रपथ निर्माणको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बमोजिमको कार्य शुभारम्भ गरिने छ ।

५. यस नगरपालिकाको विकासको मुख्य व्यापारिक नाका विस्तार गर्न बी.पी. राजमार्गसम्म पहुँच सुनिश्चित गर्न लालबन्दी मरिण सडक निर्माण कार्यलाई द्रुतरुपमा अगाडि बढाउन केन्द्र सरकारसँग ठोस पहलकदमी लिइने छ ।

६. नगरपालिका क्षेत्रका सडकहरुलाई प्राथमिकीकरण गर्दै सबैलाई स्तरोन्नति र कालोपत्रे गर्दै लगिनेछ ।

७. भैरबपुर र रामपुर जोड्ने पुलको निर्माण कार्य सम्पन्न गरिनेछ ।

८. ***सुखी जनता हाम्रो रहर ,दीन दुःखीमा हाम्रो नजर*** कार्यक्रमका माध्यमवाट दलित र सुकुम्बासी वस्ती क्षेत्रमा एकीकृत नमूना बस्ती विकासको संभाव्यता अध्ययन गरिने छ ।

९. वन्यजन्तु पीडित तथा अति विपन्न परिवारका लागि सञ्चालित सुरक्षित जनता आवास कार्यक्रमलाई निरन्तरता दिंदै साझेदारीमा सञ्चालन गरिनेछ ।

१०. लालबन्दी नगरपालिका भित्रका मुख्य सडक र चोकहरुलाई सामाजिक रुपान्तरणका अभियन्ता, जनयुद्ध र जनआन्दोलनका शहिदहरु, जैविक विविधता, स्थानीय मौलिक संस्कृति तथा सम्पदाको नामवाट नामाकरण गरी सम्मान, संरक्षण र संवर्द्धन गरिनेछ ।

११. काठेपुल, काठको पोल र खरको छानोलाई क्रमशः विस्थापित गर्दै लगिने छ ।

१२. वडा नं. ६ मा निर्माण भएको नगरपालिकास्तरीय राधाकृष्ण खेल मैदानलाई थप व्यवस्थित बनाउन प्याराफिट निर्माण गरिने छ र सवै वडामा एक खेल मैदानको पूर्वाधारका लागि आवश्यक पहल गरिने छ।

१३. नगरपालिकाको भबन निर्माण ठेक्का संझौता भई सकेकोले निर्माण कार्यलाई पूर्णता दिईनेछ ।

१४. नगरको ७५ प्रतिशत घरधुरीमा विद्युतीय सेवा पुगिसकेको सन्दर्भमा ***विद्युतीय पूर्वाधार, विकास र सम्वृद्धिको आधार*** भन्ने भावलाई मनन् गर्दै विद्युत सेवा नपुगेका सबै गाँउ बस्तीमा विद्युत सेवा विस्तार गर्दै लगिने छ ।

१५. हरेक सडकहरुबाट छुट्याईने मर्मत कोषलाई प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक निर्देशिका तयार गरी प्रयोगमा ल्याईनेछ ।

१६. नेपाल सरकारबाट आर्थिक वर्ष २०७५/७६ मा हस्तान्तरण भै आएको अति विपन्न, लोपोन्मुख र सीमान्तकृत लगायतका लक्षित वर्गहरुलाई आवासको सुविधा सम्बन्धि क्रमागत जनता आवास कार्यक्रमलाई प्रदेश सरकारको समन्वयमा आगामी बर्ष पनि निरन्तरता दिइनेछ । नगरपालिकाबाट निर्माण गरिने सबै नयाँ भौतिक संरचनालाई अपांगतामैत्री बनाईनेछ ।

१७. यस नगरपालिका भित्र विद्युत उर्जा उत्पादनका लागि नारायणखोला विद्युत उत्पादन आयोजनालाई पहल गरि अगाडि बढाईनेछ ।

**(घ) वन, वातावरण तथा विपद् व्यबस्थापन (वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन) :**

१. ***हरित नगर, हामी सबैको रहर*** अभियानबाट बाटोको दाँया, बाँया, खाली भएका सरकारी जग्गा जमिनहरुमा बाटोसँग साँध जोडिएका जग्गाधनि समेतको सहभागिताबाट लाभदायक बोटबिरुवा सहित वृक्षरोपण सञ्चालन र संरक्षण गर्ने पद्धति अवलम्वन गरिने छ ।

२. विपद्का समयमा अस्थायी व्यवस्थापनका लागि स्थानीय संघ संस्थाको सहयोगमा जग्गा उपलब्ध हुने स्थानमा बहुउद्देश्यीय भवन निर्माण गर्ने नीतिलाई अवलम्वन गरिने छ । नगरको विपद् व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईने छ ।

३. चुरेबाट निस्केको खोलाको नियन्त्रण कार्यका लागि प्रदेश र संघसँग समन्वय र पहल गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

४. जोखिमबाट प्रभावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा उद्दार तथा राहतको पूर्व तयारी गरिनेछ ।

५. विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् व्यवस्थापन प्रतिकार्य तालिम संचालन गरिनेछ । विपद् व्यवस्थापन सामग्रीको उचित भण्डारण र आपूर्तिको व्यवस्था मिलाइनेछ । ***"विपद् सबैलाई पर्छ, हामी जुटे सजिलै टर्छ"*** भन्ने नाराका साथ विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय एवम् स्थानीय समुदाय र संघसंस्थासँग सहकार्य गरिनेछ ।

६. वन, वातावरण र पर्यावरण संरक्षणका लागि आवश्यक योजना बनाई लागू गरिनेछ ।

७. चुरे संरक्षणका लागि कार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

८. सामुदायिक वन उपभोक्ता समूहहरुलाई नगरमा सुचिकृत गरी नियमन र अनुगमनका साथै सामुदायिक वनहरुसँग समन्वय गरी काष्ठ उद्योगलाई प्रोत्साहन गरिनेछ ।

९. भूमिगत पानी रिचार्जका लागि विभिन्न स्थानहरुमा पोखरी निर्माण गरिनेछ ।

**(ङ) सुशासन तथा संस्थागत विकास (मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय) :**

१. सार्बजनिक खर्चमा मितब्ययिता अपनाई आयोजना छनौट र बजेट बिनियोजनलाई यथार्थपरक बनाईनेछ। नगरपालिकाको समग्र बजेट तथा वडा र शाखागत विनियोजित बजेटलाई कोभिड १९ को असरलाई न्यूनिकरण गर्ने गरी परिचालन गरिनेछ ।

२. राजश्वको प्रभावकारी परिचालनका लागि राजश्वको दायरा बढाउने नीति लिईनेछ । राजश्वको नयाँ क्षेत्र पहिचान गर्ने र भई रहेको स्रोतबाट गुणात्मक राजश्व परिचालन हुने प्रबन्ध गरिनेछ । नियमित आम्दानी हुने तथा रोजगारीमूलक क्षेत्रलाई यथासम्भव नाफामूलक क्षेत्रमा लागानी गर्ने प्रबन्ध गरिनेछ ।

३. आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल, तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन गरिनेछ । आयोजना र कार्यक्रमको संख्याभन्दा गुणात्मक पक्षमा जोड दिइनेछ । राजश्व संकलन, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन

गर्न आ.व.को शुरु महिना श्रावणमा नै कार्ययोजना बनाई जिम्मेवारी सुनिश्चित गरी सबै आयोजना र कार्यक्रमहरु यथा समयमा सम्पन्न गरिने आधार तयार गरिने छ ।

४. सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणलाई निरन्तरता दिई सार्वजनिक उत्तरदायित्व र पारदर्शिता प्रवर्द्धन गरिनेछ । पारदर्शिता एवं सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सम्पूर्ण सूचनाहरुलाई विभिन्न संचार माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

५. न्यायिक समितिलाई जनशक्ति र स्रोत साधनको दृष्टिकोणबाट मजवुत बनाई न्याय निरुपणलाई यथार्थ र बस्तुनिष्ठ बनाईने छ ।

६. **सूचना शक्ति हो, तथ्यांक शक्तिको स्रोत हो** भन्ने तथ्यलाई हृदयंगम गरी नगरको तथ्यांकको व्यवस्थापनका लागि संरचनागत व्यवस्था गरिनेछ । आधारभूत तथ्यांकका लागि अन्य निकायमा आश्रित हुनु नपर्ने अवस्था सृजना गरी यथार्थ तथ्याङ्कमा आधारित नगर प्रोफायल तयार गरिनेछ ।

७. नगरभित्र हाल सञ्चालनमा रहेका सवै अटोरिक्साहरु (तिनपांग्रे सबारी) को विवरण अद्यावधिक गरी नबीकरण गर्ने, रुट अनुमति र भाडादर निर्धारण गर्ने कार्य सम्पन्न गरिने छ ।

८. संघीय लोकतान्त्रिक प्रणालीलाई संस्थागत गर्दै दिगो बनाउन शासकीय प्रणाली तथा नागरिकका अधिकार, सकारात्मक सोच र कर्तव्यको बारेमा जनचेतना अभिवृद्धि गर्न संचार माध्यमसँगको सहकार्यमा वृहत नागरिक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

९. नगर संचित कोषबाट खर्चहुने जुनसुकै रकम भुक्तानीको लागि बैंकखाता मार्फत भुक्तानी हुने व्यवस्था गरिनेछ । सबै नागरिकलाई बैंकिङ्ग पहुँच बिस्तारका लागि बैंकहरुसँग सहकार्य गरिनेछ ।

१०. व्यक्तिगत घटना दर्ताको दर्ताकिताव डिजिटीलाईजेशन गरिने छ र कार्यालयका पुराना र लामो समयसम्म सुरक्षित राख्नु पर्ने अभिलेखहरुलाई क्रमशः डिजिटीलाईजेशन गरिँदै लगिनेछ । वडाबाट गरिने घटना दर्ता लगायतका सबै काम अनलाइन गरिनेछ । नगरपालिकामा डिजिटल सूचना बोर्ड राखी नगरपालिकाका सबै गतिबिधि डिजिटली प्रकाशन गरिनेछ । अपाङ्ग कार्डलाई डिजिटल प्रबिधिमा ढालिनेछ ।

११. कर्मचारीमा उच्च मनोबल सहित कार्य गर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गरिनेछ । सबै कर्मचारीलाई कम्प्युटर तालिम दिइनेछ । नगरपालिकामा काम गर्ने कर्मचारीको नतिजामा आधारित कार्यसम्पादन प्रणाली अबलम्वन गरिने छ । कार्यसम्पादन करार गरी करारका सर्तहरुलाई थप सुविधा दिने आधार बनाईने छ ।

१२. नेपालको संविधानको अनुसूची ८ मा रहेको तथा कार्य विस्तृतीकरणवाट स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा जिम्मेवारी पूरा गर्न सक्नेगरी आवश्यक आर्थिक श्रोत, संगठन संरचना र जनशक्ति विकासको कार्ययोजना तयार गरी अघि बढाइनेछ । यसका लागि आवश्यकता अनुसार नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१३. विकास निर्माणका कामहरुको गुणस्तर सुनिश्चितताको लागि गुणस्तर परीक्षण गर्ने प्राविधिक ल्याब यस जिल्लामा नभएकोले सो स्थापना गरी यस नगरपालिका लगायत परीक्षणका लागि अन्यत्रबाट आउने सबैको परीक्षणको व्यवस्था मिलाई नगरपालिकालाई आम्दानी हुने श्रोतको निर्माण गरिनेछ ।

१४. नगरभित्र सञ्चालित विभिन्न संघ, संस्था दर्ता गरी व्यवस्थित गर्न कार्यविधी बनाई लागू गरिनेछ ।

१५. भवन निर्माण आचार संहितालाई प्रभावकारी ढंगले प्रयोगमा ल्याईनेछ ।

१६. यस आ.व मा घटना दर्ता पूर्ण रुपमा सम्पूर्ण वडावाट अनलाईन गरिनेछ ।
१७. नगरपालिकामा डिजिटल सूचना पाटी राखी सम्पूर्ण नगरको जानकारी डिजिटलरुपमा प्रवाह गरिनेछ ।
१८. नगरपालिकावाट वितरण हुने अपाङ्गकार्ड लाई कम्प्युटरराइज्ड गरी डिजिटल तरिकाले वितरण गरिनेछ ।
१९. नगरका योजनाहरु सफ्टवेरवाट व्यवस्थित गरी चुस्त र दुरुस्तरुपमा योजनाहरु संचालन गरिनेछ ।
२०. नगरका सूचना, जानकारी तथा सन्देशहरु छिटो, छरितो र पारदर्शी तबरले नगरवासीको पहुँचमा पुऱ्याउन प्रयोगमा रहेको मोवाईल एप, वेभ साईट, फेसबुक पेज, ट्वीटर लगायतका सामाजिक संजालहरुलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।

**अध्यक्ष महोदय, वडाध्यक्ष तथा नगरसभाका सदस्यज्यूहरु तथा उपस्थित अन्य महानुभावहरु,**

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस संक्रमणको महामारीबाट समग्र मानव समुदाय भयभित भईरहेको र मुलूक समेत विगत ४ महिना देखि लकडाउनको अवस्थामा छ । स्थानीय जनप्रतिनिधि लगायत कर्मचारीहरुले माहामारी रोकथामका लागि सचेतीकरण, पूर्वाधार निर्माण र विपन्न एवं श्रमिकहरुलाई राहत वितरण लगायत कार्यमा अहोरात्र खटिनु भएका कार्यको उच्च मूल्याङ्कन गर्दै लालबन्दी नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद् ज्ञापन गर्दछु ।

साथै दिनानुदिन बढ्दो कोरोना संक्रमित विरामी र मानवीय क्षति समेत भईरहेको अवस्थामा आगामी दिनमा भारत लगायतका विदेशी मुलुकबाट नेपाल फर्किने युवाहरुका लागि रोजगारमुखी कार्यक्रम तर्जुमा गर्नुपर्ने चुनौती एकातर्फ छ भने नगरवासिहरुलाई दिनुपर्ने सेवा, सुविधा, विकास निर्माण र आर्थिक बृद्धिमा प्रभाव पर्ने निश्चित छ । संघीय संसदमा हालै प्रस्तुत नीति तथा कार्यक्रममा आर्थिक पुनर्जागरण, स्वास्थ्य तथा कृषिलाई प्राथमिकता दिईएजस्तै यस नगरपालिकाले पनि आगामी आ.ब.२०७७/०७८ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा आधारभूत स्वास्थ्य सेवा, शिक्षालाई मुख्य प्राथमिकतामा राखी पूर्वाधार विकास, कृषि उत्पादन व्यवस्थापन र स्थानीय आर्थिक विकासलाई विशेष प्राथमिकतामा राखी यो नीति तथा कार्यक्रम प्रस्तुत भएको छ ।

मैले यस लालबन्दी नगरपालिकाको आ.व. २०७७/२०७८ को नीति तथा कार्यक्रम संक्षिप्त रुपमा प्रस्तुत गरिसकेको छु । अन्तमा नगरवासीहरुले हामीलाई विश्वास गरी सुम्पिएको जिम्मेवारीको उच्चतम् सम्मान गरी सबै जनप्रतिनिधिहरुले जनभावना अनुसार काम गर्ने प्रतिवद्धता पुन: यस सभामा व्यक्त गर्न चाहन्छु । यस नगरपालिकाको समृद्धिका लागि उपलब्ध श्रोतको परिचालन गरी निष्ठाका साथ काम गर्ने वाचा गर्दछु । यो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने नगर सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत एवम् कर्मचारी मित्रहरु, प्रत्यक्ष, अप्रत्यक्ष रुपमा संलग्न महानुभावहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । नयाँ संरचनागत व्यवस्था अनुसार प्रारम्भिक चरणमै भएको र श्रोत तथा साधनको न्यूनताको कारणले यो नीति तथा कार्यक्रममा सबै नगरवासीका अपेक्षाहरु नसमेटिएका हुन सक्लान । सामयिक सुधारको लागि यहाँहरुको रचनात्मक सुझावको सदैव अपेक्षाकासाथ उपस्थित सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दै विदा हुन चाहन्छु । धन्यवाद ! नमस्कार ।

**शान्ति कुमारी लामा**
**नगर उपप्रमुख**
**लालबन्दी नगरपालिका, सर्लाही**

**ईति सम्वत् २०७७ साल असार १० गते रोज ४ शुभम् ॥**

# लालबन्दी नगरपालिका

## आगामी आ.व. ०७७/०७८ को लागि बसेको पाचौं नगरसभामा नगर प्रमुख श्री मान बहादुर खड्काद्वारा प्रस्तुत संक्षिप्त आय, व्यय विवरण : मिति २०७७।०३।१० गते

| क.सं. | विवरण | आय अनुमान | कैफियत |
|---|---|---|---|
| **क) सशर्त अनुदान(२६३३२)** | | | |
| १ | केन्द्रीय सशर्त अनुदान | ३४७०००००००।०० | चौतिस करोड, सत्तरी लाख |
| २ | प्रदेशको सशर्त अनुदान | ८०००००००।०० | असी लाख |
| **जम्मा(सशर्त)** | | **३५५०००००००।००** | **पैंतिस करोड, पचास लाख** |
| **ख) समानीकरण अनुदान(२६३३१)** | | | |
| १ | केन्द्रीय वित्तीय समानीकरणबाट | १६१३००००००।०० | सौह्र करोड, तेह्र लाख |
| २ | प्रदेश वित्तीय समानीकरणबाट | ७७८६०००।०० | सतहत्तर लाख, छियासी हजार |
| **जम्मा(समानीकरण)** | | **१६९०८६०००।००** | **सौह्र करोड, नब्बे लाख, छियासी हजार** |
| **ग) समपुरक अनुदान(२६३३४)** | | | |
| १ | केन्द्रीय समपुरक अनुदान | १६७०००००।०० | एक करोड, सतसठ्ठी लाख |
| २ | प्रदेश समपुरक अनुदान | २००००००।०० | बीस लाख |
| | **जम्मा समपुरक अनुदान** | **१८७०००००।००** | **एक करोड, सतासी लाख** |
| घ) विशेष अनुदान(२६३३३) | | | |
| १ | केन्द्रीय विशेष अनुदान | २०००००००।०० | दुई करोड |
| २ | प्रदेश विशेष अनुदान | ३००००००।०० | तीस लाख |
| | | २३०००००००।०० | दुइ करोड तिस लाख |
| **ङ) राजस्व बाँडफाँट** | | | |
| १ | केन्द्रीय राजस्व बाँडफाड | १२०४२३९१७।०० | बाह्र करोड, चार लाख, तेइस हजार नौ सय, सत्र |
| २ | प्रदेशको राजस्व बाँडफाँड | १५१३९०००।०० | एक करोड एकाउन्न लाख उनन्चालिस हजार |
| **जम्मा(राजश्व बाँडफाँट)** | | **१३५५६२९१७।००** | तेह्र करोड, पचपन्न लाख, बैसठ्ठी हजार नौ सय सत्र |
| **च) आन्तरिक राजश्व** | | **५०५०००००।००** | पांच करोड, पांच लाख |
| **कुल जम्मा** | | **७५१८४८९१७।००** | पचहत्तर करोड, अठार लाख, अड्चालिस हजार, नौ सय सत्र। |
| १. | प्रस्तुत बजेट मध्ये सशर्त प्रकृतिका | ३९६७००००० | **उनन्चालिस करोड, सतसठ्ठी लाख** |
| २ | निशर्त प्रकृतिका | ३५५१४८९१७ | **पैतिस करोड, एकाउन्न लाख, अड्चालिस हजार, नौ सय सत्र** |
| | | | **रहेका छन ।** |
| ३ | जसमध्ये निशर्त प्रकृतिको बजेट **३५ करोड, ५१ लाख, ४८ हजार, ९१७** बाट नगर, वडा तथा विषयगत शाखाहरूलाई यथोचित बजेट विनियोजन गरी आगामी नगरसभामा प्रस्तुत गरिनेछ । | | |